# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, फागुन २७ गते २०५५ साल (अतिरिक्ताङ्क ७६

## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. २३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1821

## नेपाल इन्जिनियरिङ परिषदको व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : नेपाल अधिराज्यमा इन्जिनियरिङ व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित तथा बैज्ञानिक ढङ्गले परिचालन गर्न तथा इन्जिनियरहरुको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्नको लागि नेपाल इन्जिनियरिङ परिषद्को व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम "नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल इन्जिनियरिङ परिषद् सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(घ) "इन्जिनियर" भन्नाले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "इन्जिनियरिङ व्यवसाय" भन्नाले अनुसूचीमा उल्लिखित विषयमा प्राविधिक ज्ञान तथा दक्षता हासिल गरेका इन्जिनियरहरुले अपनाउने व्यवसाय सम्झनु पर्छ।

(च) "दर्ता किताब" भन्नाले दफा १५ बमोजिम तयार गरिएको दर्ता किताब सम्झनु पर्छ।

(छ) "दर्तावाला इन्जिनियर" भन्नाले दर्ता किताबमा नाम दर्ता भएको इन्जिनियर सम्झनु पर्छ।

(ज) "रजिष्ट्रार" भन्नाले दफा २७ बमोजिम नियुक्त गरिएको व्यक्ति सम्झनु पर्छ।

(झ) "विषय समिति" भन्नाले दफा ३२ बमोजिम गठन भएको विषय समिति सम्झनु पर्छ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद – २

## परिषद्को स्थापना, गठन, काम, कर्तव्य र अधिकार

३. नेपाल इन्जिनियरिङ परिषद्को स्थापना : इन्जिनियरिङ व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित तथा बैज्ञानिक ढंगले परिचालन गर्न तथा इन्जिनियरहरुको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्नको लागि नेपाल इन्जिनियरिङ परिषद्को स्थापना गरिएकोछ।

४. परिषद स्वशासित संस्था हुने : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) परिषद्को सबै काम कारबाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. परिषदको गठन : (१) दफा ३ बमोजिम स्थापना भएको परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

(क) इन्जिनियरिङ विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा पन्ध्र वर्ष इन्जिनियरिङ व्यवसायमा अनुभव प्राप्त इन्जिनियरहरु मध्येबाट श्री ५ को सरकारबाट मनोनीत इन्जिनियर – अध्यक्ष

(ख) इन्जिनियरिङ विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा दश वर्ष इन्जिनियरिङ व्यवसायमा अनुभव प्राप्त इन्जिनियरहरु मध्येबाट श्री ५ को सरकारबाट मनोनीत इन्जिनियर – उपाध्यक्ष

(ग) इन्जिनियरिङ व्यवसायमा संलग्न इन्जिनियरहरु मध्येबाट श्री ५ को सरकारबाट मनोनीत पाँचजना इन्जिनियरहरु – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अध्यक्ष, नेपाल इन्जिनियर्स एशोसिएसन – सदस्य

(ङ) नेपाल इन्जिनियर्स एशोसिएसनले निर्वाचन गरी पठाएका पाँचजना इन्जिनियरहरु – सदस्य

(च) इन्जिनियरिङ क्याम्पसका क्याम्पस प्रमुखहरु मध्ये श्री ५ को सरकारबाट मनोनीत क्याम्पस प्रमुख एकजना – सदस्य

(छ) प्रतिनिधि, इन्जिनियरिङ अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय – सदस्य

(ज) परिषद्बाट मनोनीत दुईजना इन्जिनियर – सदस्य

(झ) रजिष्ट्रार – सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम सदस्यहरुको मनोनयन तथा निर्वाचन गर्दा इन्जिनियरिङ व्यवसायका विषयगत आधारमा छुट्टा छुट्टै विषयबाट गर्नु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिमका सदस्यहरुको निर्वाचन नभएसम्मको लागि नेपाल इन्जिनियर्स एशोसियसनले मनोनयन गरी पठाएका इन्जिनियरहरु परिषद्का सदस्य हुने छन् ।

(४) उपदफा (१) को खण्ड (छ) बमोजिम प्रतिनिधि मनोनयन गर्दा इन्जिनियरमध्येबाट गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। १४२२

(५) परिषद्ले आवश्यक देखेमा कुनै विशेषज्ञलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

६. <u>सदस्यको पदावधि</u> : (१) परिषद्मा मनोनीत वा निर्वाचित सदस्यको पदावधि चार वर्षको हुनेछ । पदावधि समाप्त भएका सदस्यहरु यस ऐनमा लेखिएका अन्य व्यवस्थाहरुको अधीनमा रही पुनः मनोनयन हुन वा निर्वाचित हुन सक्ने छन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो रिक्त हुन आएको सदस्यको पद बाँकी अवधिको लागि अर्को सदस्यको मनोनयन वा निर्वाचनद्वारा पूर्ति गर्न सकिनेछ ।

७. <u>सदस्यको निमित्त अयोग्यता</u> : देहायका कुनै व्यक्ति परिषद्को सदस्य पदमा मनोनीत वा निर्वाचित हुन सक्ने छैन् :-

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको, र

(ङ) मगज बिग्रेको ।

८. <u>सदस्यता समाप्त हुने अवस्था</u> : देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछ :-

(क) दफा ७ बमोजिम अयोग्य भएमा,

(ख) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ग) परिषद्लाई कारण सहितको पूर्व सूचना नदिई लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा,

(घ) मृत्यु भएमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. परिषद्को काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) इन्जिनियरिङ व्यवसाय सुचारु रुपबाट संचालन गर्नको लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरु तयार गरी त्यसको कार्यान्वयन गर्ने,

(ख) इन्जिनियरिङ शिक्षा दिने शिक्षण संस्था र त्यस्ता संस्थाहरुले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिहरुलाई तोकिए बमोजिम मान्यता दिने,

(ग) इन्जिनियरिङ व्यवसाय गर्नको लागि आवश्यक योग्यता निर्धारण गर्ने र निर्धारित योग्यता पूरा गरेका व्यक्तिको नाम तोकिए बमोजिम परिषद्मा दर्ता गर्ने,

(घ) दर्तावाला इन्जिनियरले तोकिए बमोजिमको व्यावसायिक आचार संहिताको उल्लंघन गरेमा वा पालना नगरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो इन्जिनियरको नाम परिषद्बाट हटाउने ।

१०. परिषद्को बैठक र निर्णय : (१) परिषद्को बैठक साधारणतया वर्षमा चार पटक बस्नेछ । तर अध्यक्षले चाहेमा सो भन्दा बढी पटक पनि बैठक बोलाउन सक्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(४) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायात्मक मत दिन सक्नेछ ।

(६) परिषद्को निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद – ३
## नाम दर्ता सम्बन्धी व्यवस्था

११. नाम दर्ता नगराई इन्जिनियरिङ व्यवसाय गर्न नहुने : यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष पछि परिषद्मा नाम दर्ता नगराई कुनै पनि व्यक्तिले इन्जिनियरिङ व्यवसाय गर्न हुँदैन ।

१२. नाम दर्ताको लागि दरखास्त दिने : (१) परिषद्मा नाम दर्ता गराउन चाहने व्यक्तिले तोकिए बमोजिमको ढाँचामा परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत इन्जिनियरिङ व्यवसाय गरिरहेको व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले छ महिना भित्र परिषद्मा नाम दर्ता गराउनको लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्त साथ शिक्षण संस्थाबाट प्राप्त

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको प्रमाणपत्र, उपाधि तथा तत्सम्बन्धी अन्य कागजात तथा तोकिए बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ ।

१३. दरखास्त उपर जाँचबुझ : दफा १२ बमोजिम दर्ता हुन आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी सम्बन्धित विषय समितिमा पेश गर्नेछ ।

१४. दरखास्त उपर छानबिन तथा सिफारिस : (१) दफा १३ बमोजिम रजिष्ट्रारले पेश गरेको दरखास्त उपर विषय समितिले आवश्यक छानबिन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा कुनै कुरा अस्पष्ट हुन आएमा तत्सम्बन्धी कुराहरु स्पष्ट पार्नको लागि सम्बन्धित दरखास्तवालासंग विषय समितिले आवश्यक प्रमाण तथा कागजात माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भएका प्रमाण तथा कागजात विषय समिति समक्ष पेश गर्नु सम्बन्धित दरखास्तवालाको कर्तव्य हुनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम छानबिन गर्दा दरखास्तवालाको नाम परिषद्मा दर्ता गर्न योग्य देखेमा विषय समितिले परिषद् समक्ष सिफारिस गर्नेछ ।

१५. नाम दर्ता गर्ने : दफा १४ बमोजिम विषय समितिले आवश्यक छानविन गरी नाम दर्ताको लागि सिफारिस गरेको दरखास्तवालाको नाम परिषद्मा दर्ता गर्न उपयुक्त देखेमा परिषद्ले त्यस्तो दरखास्तवालाको नाम तोकिए बमोजिमको ढाँचामा तयार गरिएको परिषद्को दर्ता कितावमा दर्ता गर्ने निर्णय गर्नेछ ।

१६. नाम दर्ता प्रमाणपत्र दिने : दफा १५ बमोजिम परिषद्वाट नाम दर्ता गर्ने निर्णय भएका दरखास्तवालाको नाम रजिष्ट्रारले दर्ता

किताबमा दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको ढाँचामा नाम दर्ता प्रमाणपत्र दिनेछ ।

१७. नाम दर्ता नगर्ने निर्णय भएकोमा जानकारी दिने : परिषद्‌मा नाम दर्ताको लागि दरखास्त दिने कुनै दरखास्तवालाको नाम दर्ता गर्न नमिल्ने कुनै कारण देखी परिषद्‌ले नाम दर्ता नगर्ने निर्णय गरेकोमा रजिष्ट्रारले सम्बन्धित दरखास्तवालालाई सो कुराको लिखित जानकारी दिनु पर्नेछ ।

१८. दर्ता किताबबाट नाम हटाउने : (१) देहाय बमोजिमको अवस्थामा बाहेक दर्तावाला इन्जिनियरको नाम दर्ता किताबबाट हटाइने छैन :-

(क) मगज बिग्रेमा,

(ख) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(ग) तोकिए बमोजिमको व्यावसायिक आचार संहिताको उल्लंघन गरेको अभियोगमा दर्ता किताबबाट नाम हटाउने भनी परिषद्‌को बैठकमा पेश भएको प्रस्ताव दुई तिहाई बहुमतबाट पारित भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा,

(ङ) धोखा वा गल्तीले योग्यता नपुगेको कुनै व्यक्तिको नाम दर्ता हुन गएमा ।

(२) उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको आरोपमा कुनै दर्तावाल इन्जिनियरको नाम दर्ता किताबबाट हटाउने प्रस्ताव परिषद्‌को बैठकमा पेश गर्नु अघि त्यस्तो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिलाई लागेको अभियोगको सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्ले एक जाँचबुझ समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएको जाँचबुझ समितिले जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१९. <u>प्रमाणपत्र रद्द गर्ने</u> : दफा १८ बमोजिम परिषद्ले दर्ता किताबबाट नाम हटाउने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट हटाई दफा १६ बमोजिम दिइएको नाम दर्ता प्रमाणपत्र रद्द गरी सम्बन्धित व्यक्तिलाई सो कुराको जानकारी दिनु पर्नेछ ।

२०. <u>पुनः नाम दर्ता गर्ने</u> : (१) दफा १८ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको अवस्थामा दर्ता किताबबाट नाम हटाउने निर्णय गरेकोमा त्यस्तो निर्णय भएको मितिले कम्तीमा एक वर्ष पछि सम्बन्धित व्यक्तिले मनासिब माफिकको कारण खोली पुनः नाम दर्ताको लागि दफा १२ बमोजिम परिषद्मा दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः नाम दर्ताको लागि दरखास्त दिएमा परिषद्ले त्यस्तो दरखास्तवालाको नाम पुनः दर्ता गर्न मनासिब देखेमा पुनः नाम दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषद्ले दरखास्तवालाको नाम पुनः दर्ता गर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा पुनः दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको ढाँचामा पुनः नाम दर्ता भएको प्रमाणपत्र दिनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ४
## शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता

२१. शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता : (१) कुनै शिक्षण संस्थाले प्रदान गरेको इन्जिनियरिङ विषयको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिलाई परिषद्ले मान्यता दिनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्ले मान्यता दिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधि र त्यस्तो प्रमाणपत्र वा उपाधि प्रदान गर्ने शिक्षण संस्थाको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

२२. विवरण माग गर्न सक्ने : (१) दफा २१ बमोजिम कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता दिने क्रममा परिषद्ले सम्बन्धित शिक्षण संस्थासंग त्यस्तो शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको लागि निर्धारित पाठ्यक्रम तथा भर्नाको लागि निर्धारित शर्त तथा तत्सम्बन्धी अन्य विवरणहरु माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्बाट माग भए बमोजिमको आवश्यक विवरण उपलब्ध गराउनु सम्बन्धित शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

२३. परीक्षाको निरीक्षण : (१) दफा २१ बमोजिम कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता दिने क्रममा वा मान्यता दिइसकेपछि उक्त शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधि प्रदान गर्ने सम्बन्धित शिक्षण संस्थाबाट लिइने परीक्षा प्रणालीको बारेमा निरीक्षण गर्न परिषद्ले निरीक्षक नियुक्त गरी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पठाइएको निरीक्षकले निरीक्षण गर्ने क्रममा परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम परीक्षाको निरीक्षण गर्ने निरीक्षकले परीक्षा निरीक्षणको क्रममा देखेका कुराहरुको बारेमा प्रतिवेदन तयार गरी परिषद्मा पेश गर्नु पर्नेछ ।

२४. मान्यता हटाउने : (१) दफा २१ बमोजिम मान्यता प्रदान गरिएको कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको सम्बन्धमा सम्बन्धित शिक्षण संस्थाबाट दफा २२ बमोजिम प्राप्त विवरण वा दफा २३ को उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदन उपर विचार गर्दा त्यस्तो शिक्षण संस्थाले निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्त तथा परीक्षा प्रणाली उपयुक्त तथा पर्याप्त छैन भन्ने लागेमा परिषद्ले सो सम्बन्धमा आफ्नो प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को प्रतिवेदन प्राप्त भएपछि सो सम्बन्धमा श्री ५ को सरकारले सम्बन्धित संस्थासंग स्पष्टीकरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित शिक्षण संस्थासंग माग गरिए बमोजिम प्राप्त हुन आएको स्पष्टीकरणको सम्बन्धमा श्री ५ को सरकारले विचार गरी सो सम्बन्धमा अन्य कुनै कुरा जाँचबुझ गर्नु पर्ने भए आवश्यक जाँचबुझ गरी सो समेतको आधारमा श्री ५ को सरकारले त्यस्तो शिक्षण संस्थाले कुनै खास मितिपछि प्रदान गरेको कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता हटाइएको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

## परिच्छेद - ५
## अध्यक्ष, उपाध्यक्ष तथा रजिष्ट्रारको काम, कर्तव्य र अधिकार

२५. अध्यक्षको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८६२

लेखिएका काम, कर्तव्य तथा अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को बैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषद्द्वारा संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) परिषद्को काम कारबाही व्यवस्थित, प्रभावकारी र सुचारु रुपबाट संचालन गर्ने, गराउने ।

(घ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

२६. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको अनुपस्थितिमा यस ऐन बमोजिम अध्यक्षले गर्नु पर्ने काम, कर्तव्य र अधिकारको प्रयोग गर्नु उपाध्यक्षको कर्तव्य हुनेछ ।

२७. रजिष्ट्रारको नियुक्ति तथा काम, कर्तव्य र अधिकार : (१) परिषद्मा नाम दर्ताको लागि योग्यता पुगेका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले परिषद्को रजिष्ट्रार नियुक्त गर्न सक्नेछ ।

(२) यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य तथा अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को सामान्य प्रशासन र व्यवस्थापनको कार्य गर्ने,

(ख) परिषद्को कोषको रेखदेख, नियन्त्रण, सम्पत्तिको व्यवस्था र स्याहार संभारको व्यवस्था गर्ने, गराउने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) परिषद्‌को वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी परिषद्‌मा पेश गर्ने,

(घ) परिषद्‌को वार्षिक आय व्यय तथा पूरक आय व्यय विवरण तयार गर्ने,

(ङ) परिषद्‌बाट स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(च) परिषद्‌को आन्तरिक र अन्तीम लेखा परीक्षण गर्ने व्यवस्था गराउने,

(छ) परिषद् र इन्जिनियरहरु बीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(ज) परिषद्‌बाट निर्देशन दिए बमोजिमको अन्य कार्यहरु गर्ने, गराउने,

(झ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

## परिच्छेद – ६

## परिषद्‌को कोष

२८. परिषद्‌को कोष : (१) परिषद्‌को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट ऋण, चन्दा, सहायता, अनुदान वा दान दातव्यको रुपमा प्राप्त रकम,

(ग) परिषद्‌को तर्फबाट उपलब्ध गराइएको सेवा बापत प्राप्त रकम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम कुनै विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट ऋण, चन्दा, सहायता, अनुदान वा दान दातव्य प्राप्त गर्नु अघि परिषद्ले श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्को कोषमा प्राप्त हुन आएको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्को कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२९. लेखा तथा लेखा परीक्षण : (१) परिषद्को आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा परिषद्को हिसाब किताब जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद – ७
## विविध

३०. कसर तथा दण्ड सजाय : (१) दफा ११ बमोजिम परिषद्मा नाम दर्ता नगराई इन्जिनियरिङ व्यवसाय गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(३) उपदफा (२) मा उल्लेख गरेदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३१. <u>परिषदको विघटन</u> : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले पालन गर्नु पर्ने कर्तव्य पालन गर्न नसकेको भन्ने श्री ५ को सरकारलाई लागेमा श्री ५ को सरकारले परिषद् विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को विघटन भएपछि परिषद्को कोष तथा सम्पत्ति श्री ५ को सरकारले आफ्नो जिम्मामा राखी अर्को परिषद् गठन नभएसम्म यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले गर्नु पर्ने सबै काम कारबाही आफैले गर्न वा एक समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद् विघटन भएको साधारणतया तीन महिनाभित्र श्री ५ को सरकारले दफा ५ बमोजिम अर्को परिषद् गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम अर्को परिषद् गठन भएपछि उपदफा (२) बमोजिम श्री ५ को सरकारले आफ्नो जिम्मामा राखेको कोष तथा सम्पत्ति उक्त परिषद्लाई हस्तान्तरण गर्नेछ ।

३२. <u>विषय समिति तथा अन्य समिति गठन गर्न सक्ने</u> : (१) परिषद्ले आवश्यकतानुसार विषय समिति तथा अन्य समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका विषय समिति तथा समितिको काम, कर्तव्य तथा अधिकार परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. <u>सदस्यको बैठक भत्ता तथा अन्य सुविधा</u> : सदस्य तथा दफा ३२ बमोजिम गठन भएका विषय समिति तथा अन्य समितिका सदस्यको बैठक भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

३४. <u>परिषद्को कर्मचारी</u> : (१) परिषद्ले आवश्यकता अनुसार कर्मचारीको नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको सेवा, शर्त तथा सुविधा विनियममा तोकिए बमोजिम हुनेछ ।

३५. <u>अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने अधिकारी</u> : दफा ३० बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने, मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

३६. <u>श्री ५ को सरकारसंग सम्पर्क</u> : परिषद्ले श्री ५ को सरकारसंग सम्पर्क राख्दा निर्माण तथा यातायात मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३७. <u>नियम तथा विनियम बनाउने अधिकार</u> : (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाएको नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(२) यो ऐन र उपदफा (१) बमोजिम बनेको नियम विपरीत नहुने गरी परिषद्ले आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

३८. <u>अनुसूचीमा थप गर्न सक्ने</u> : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकतानुसार इन्जिनियरिङ विषय थप गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४६८

## अनुसूची

(दफा २ को खण्ड (ङ) संग सम्बन्धित)

### इन्जिनियरिङ व्यवसाय

१. सिभिल इन्जिनियरिङ

(क) जनरल
(ख) हाईवे
(ग) स्यानीटरी
(घ) विल्डिङ एण्ड आर्किटेक्ट
(ङ) इरिगेशन
(च) हाइड्रोलोजी
(छ) हाइड्रोपावर
(ज) एअरपोर्ट

२. इलेक्ट्रिकल

(क) जनरल इलेक्ट्रिकल
(ख) एभिएशन इलेक्ट्रिकल

३. इलेक्ट्रोनिक एण्ड कम्युनिकेशन

४. मेकानिकल

(क) जनरल मेकानिकल
(ख) एभिएशन मेकानिकल
(ग) निर्माण उपकरण संभार

५. एरोनटिकल
६. माइनिङ
७. केमिकल
८. मेटालर्जिकल
९. मेट्रोलोजी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मेटिरियोलोजी

११. जियोलोजी

(क) जनरल

(ख) हाइड्रोजियोलोजी

(ग) इन्जिनियरिङ जियोलोजी

१२. सिभिल एभिएशन अपरेशन एण्ड इन्जिनियरिङ

(क) सिभिल एभिएशन अपरेशन

(ख) फ्लाइट अपरेशन

(ग) एभिएशन फायर सर्भिसेज

१३. सर्भे

१४. केमेष्ट्री

१५. एग्री इरिगेशन इन्जिनियरिङ

लालमोहर सदर मितिः– २०५५।११।२७।५

आज्ञाले,
उदयनेपाली श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**२०५५ सालको ऐन नं. २४**

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

**नेपाल पशु चिकित्सा परिषद सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावना : नेपाल अधिराज्यमा पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन तथा पशु चिकित्सकहरुको योग्यता अनुसार नाम दर्ता समेतको व्यवस्था गर्नको लागि नेपाल पशु चिकित्सा परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



1869

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल पशु चिकित्सा परिषद् सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष र उपाध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "दर्ता किताब" भन्नाले यस ऐन बमोजिम पशु चिकित्सकहरुको नाम दर्ता गर्ने किताब सम्झनु पर्छ ।

(ङ) "दर्तावाल पशु चिकित्सक" भन्नाले दर्ता किताबमा नाम दर्ता भएको पशु चिकित्सक सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४६२

(च) "पशु चिकित्सक" भन्नाले परिषद्‌बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(छ) "रजिष्ट्रार" भन्नाले दफा १९ बमोजिम नियुक्त रजिष्ट्रार सम्झनु पर्छ ।

(ज) "पशु औषधि" भन्नाले पशुको रोगको निदान, उपचार वा नियन्त्रण गर्ने काममा प्रयोग हुने जुनसुकै पदार्थ, हार्मोन वा जैविक पदार्थ सम्झनु पर्छ र सो शब्दले पशु दानामा प्रयोग गरिने प्रोटिन, लवण वा भिटामिन समेतलाई जनाउँछ ।

(झ) "पशु" भन्नाले जनावर, पंक्षी र माछा समेत सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २

## परिषद्‌को स्थापना, गठन तथा काम, कर्तव्य र अधिकार

३. परिषदको स्थापना : पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन, वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा पशु चिकित्सकहरुको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न नेपाल पशु चिकित्सा परिषद्‌को स्थापना गरिएकोछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. <u>परिषद स्वशासित संस्था हुने</u> : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सम्पूर्ण काम कारवाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालेस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालेस उजूर लाग्न सक्नेछ ।

५. <u>परिषदको गठन</u> : (१) दफा ३ बमोजिम स्थापना भएको परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

(क) श्री ५ को सरकारबाट मनोनीत "क" श्रेणीको दर्तावाल पशु चिकित्सक - अध्यक्ष

(ख) दर्तावाल पशु चिकित्सकहरु मध्येबाट निर्वाचित दुईजना पशु चिकित्सक - उपाध्यक्ष

(ग) श्री ५ को सरकारबाट मनोनीत कम्तीमा "ख" श्रेणीको दर्तावाल पशु चिकित्सक दुईजना - सदस्य

(घ) दर्तावाल पशु चिकित्सकहरु मध्येबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४६७४

निर्वाचित पाँचजना पशु चिकित्सक - सदस्य

(ङ) अध्यक्ष, नेपाल भेटेनरी एसोसिएशन - सदस्य

(२) उपदफा (१) बमोजिम परिषद्को गठन नभएसम्मको लागि परिषद्ले गर्नु पर्ने काम गर्ने गरी श्री ५ को सरकारले समिति गठन गर्न सक्नेछ । त्यसरी गठन भएको समिति एक वर्षभन्दा बढी अवधिको लागि कायम हुने छैन ।

६. सदस्यको पदावधि : (१) दफा ५ को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ । पदावधि समाप्त भएका सदस्यहरु यस ऐनमा लेखिएका अन्य कुराहरुको अधीनमा रही पुनः मनोनीत वा निर्वाचित हुन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिमको पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो रिक्त हुन आएको सदस्यको पद बाँकी अवधिको लागि मनोनयन वा निर्वाचनद्वारा पूर्ति गर्न सकिनेछ ।

तर छ महिनाभन्दा कम अवधिको लागि निर्वाचन वा मनोनयन गरिने छैन ।

७. सदस्यको निमित्त अयोग्यता : देहायको कुनै व्यक्ति परिषद्को सदस्य पदमा मनोनीत वा निर्वाचित हुन सक्ने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, र

(ङ) मगज बिग्रेको ।

८. परिषदको सदस्यता कायम नरहने : देहायको अवस्थामा परिषद्को सदस्यता कायम रहने छैन :-

(क) दफा ७ बमोजिम अयोग्य भएमा,

(ख) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ग) परिषद्लाई कारण सहितको पूर्व सूचना नदिई लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा,

(घ) मृत्यु भएमा ।

९. परिषदको काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पशु चिकित्सा व्यवसाय सुचारु रुपबाट संचालन गर्नको लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरु तयार गरी त्यसको कार्यान्वयन गर्ने ।

(ख) पशु स्वास्थ्य सेवा र तत्सम्बन्धी प्रणालीलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्ययोजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनको लागि श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(ग) पशु औषधि, जैविक पदार्थ, पशुको दाना, चल्ला तथा पशु उत्पादन सामग्रीलाई गुणस्तरयुक्त बनाउन आवश्यक पर्ने मापदण्ड तयार गर्न श्री ५ को सरकारलाई सुझाव दिने ।

(घ) पशु चिकित्सकहरुको योग्यता निर्धारण गर्ने र त्यसरी निर्धारित योग्यता पूरा गरेका पशु चिकित्सकहरुको नाम दर्ता गरी अद्यावधिक अभिलेख राख्ने ।

(ङ) दर्तावाल पशु चिकित्सकहरुले पालन गर्नु पर्ने आचार संहिता तयार गरी लागू गर्ने ।

(च) पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था र त्यस्ता संस्थाहरुले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिहरुलाई तोकिए बमोजिम मान्यता दिने ।

(छ) पशु चिकित्सा र पशु स्वास्थ्यसंग सम्बन्धित विषयमा श्री ५ को सरकारलाई आवश्यक परामर्श दिने ।

(ज) पशु औषधिको खोज वा आविष्कार गर्ने कार्यमा प्रयत्नशील रहने ।

(झ) अन्तर्राष्ट्रिय क्षेत्रमा हासिल गरिएका पशु चिकित्सासंग सम्बन्धित अनुसन्धान वा अनुभवहरुको आदान प्रदान गरी नेपालको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



९८६८६

लागि उपयुक्त हुने कुराहरु लागू गर्न श्री ५ को सरकार समक्ष सिफारिस गर्ने ।

(ञ) दर्तावाल पशु चिकित्सकले आचार संहिताको पालन नगरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो पशु चिकित्सकको नाम परिषद्बाट हटाउने ।

(ट) परिषद्को उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

१०. परिषदको बैठक र निर्णय : (१) परिषद्को बैठक साधारणतया वर्षमा चारपटक बस्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(६) परिषद्को निर्णय रजिष्ट्रारद्वारा प्रमाणित गरिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) परिषद्‌को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद – ३
## नाम दर्ता सम्बन्धी व्यवस्था

११. नाम दर्ता नगराई व्यवसाय गर्न नहुने : यो ऐन प्रारम्भ भएको मितिले एक वर्षपछि परिषद्‌मा नाम दर्ता नगराएको कुनै पनि व्यक्तिले पशु चिकित्सा व्यवसाय गर्न हुँदैन ।

१२. नाम दर्ताको लागि दरखास्त दिने : (१) परिषद्‌मा नाम दर्ता गराउन चाहने व्यक्तिले तोकिए बमोजिमको ढाँचामा परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत पशु चिकित्सा व्यवसाय गरिरहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र परिषद् समक्ष नाम दर्ता गराउनका लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्त साथ आफूले प्राप्त गरेका प्रमाणपत्र, उपाधि तथा तत्सम्बन्धी अन्य कागजात र तोकिए बोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ ।

१३. दरखास्त उपर कारबाही र दर्ताको प्रमाणपत्र : (१) दफा १२ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी दर्ता किताबमा नाम दर्ता गर्न सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको दरखास्त उपर सम्बन्धित समितिले योग्यता सम्बन्धी उपाधि मान्यता प्राप्त हो होइन र दरखास्त रीतपूर्वकको छ छैन भन्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुराको समेत जाँचबुझ गरी पन्ध्र दिनभित्र परिषद् समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले पेश गरेको प्रतिवेदनको आधारमा परिषद्ले दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गर्ने नगर्ने कुराको निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्ले दरखास्तवालाको नाम दर्ता हुने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी निजलाई तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ । परिषद्ले दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यसको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

१४. दर्ता किताबबाट नाम हटाउने र पुनः दर्ता गर्ने : (१) देहायको अवस्थामा बाहेक दर्तावाल पशु चिकित्सकको नाम दर्ता किताबबाट हटाइने छैन :–

(क) मगज बिग्रेको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) आचार संहिता पालन नगरेको भनी परिषद्को दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) को खण्ड (क), (ग) र (घ) बमोजिमको अवस्था परी दर्ता किताबबाट नाम हटाइएको पशु चिकित्सकले मनासिब माफिकको कारण देखाई पुन: नाम दर्ता गराउन दरखास्त दिएमा र परिषद्ले निजको नाम पुन: दर्ता गर्न मनासिब देखेमा परिषद्को दुई तिहाई बहुमतको निर्णयबाट नाम दर्ता गर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश भएमा रजिष्ट्रारले तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो पशु चिकित्सकको नाम दर्ता किताबमा पुन: दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

१५. प्रमाणपत्र रद्द गर्ने : धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुराको जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र रद्द गर्न सक्नेछ ।

१६. पशु चिकित्सकहरुको श्रेणी : यस ऐन बमोजिम पशु चिकित्सकहरुको नाम दर्ता गर्ने प्रयोजनको लागि देहाय बमोजिमको योग्यता भएका पशु चिकित्सकहरुलाई देहाय बमोजिमको श्रेणीमा राखिएकोछ :–

(क) "क श्रेणी" : मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा विद्यावारिधि उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातकोत्तर उपाधि हासिल गरी सम्वन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी श्री ५ को सरकारको सेवामा कम्तीमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदमा वा विश्वविद्यालयमा कम्तीमा सहप्राध्यापकको पदमा कार्यरत पशु चिकित्सक ।

(ख) "ख श्रेणी" : मान्यताप्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा विद्यावारिधि उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी श्री ५ को सरकारको सेवामा कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको पदमा वा विश्वविद्यालयमा कम्तीमा उपप्राध्यापकको पदमा कार्यरत पशु चिकित्सक ।

(ग) "ग श्रेणी" : मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा कम्तीमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्नातक उपाधि हासिल गरेका पशु चिकित्सक ।

१७. मान्यताको लागि दरखास्त दिने : (१) कुनै शिक्षण संस्थाबाट पशु चिकित्सा सम्बन्धी विषयमा डिग्री, डिप्लोमा, प्रमाणपत्र वा यस्तै अन्य उपाधि प्राप्त गर्ने व्यक्तिले सोको मान्यताको लागि परिषद् समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त उपर छानबिन गरी परिषद्ले मान्यता दिएको डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधि प्रदान गर्ने शिक्षण संस्थाको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

१८. व्यवसाय छाडेमा वा ठेगाना बदलेमा सूचना गर्नु पर्ने : कुनै दर्तावाल पशु चिकित्सकले आफ्नो व्यवसाय छाडेमा वा ठेगाना परिवर्तन गरेमा एक महिनाभित्र रजिष्ट्रारलाई सूचना गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## कर्मचारी सम्बन्धी व्यवस्था

१९. रजिष्ट्रारको नियुक्ति तथा काम, कर्तव्य र अधिकार (१) परिषद्मा नाम दर्ता भै तोकिएको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले परिषद्को रजिष्ट्रार नियुक्त गर्न सक्नेछ ।

(२) रजिष्ट्रार परिषद्को प्रमुख प्रशासकीय अधिकृतको रुपमा रहनेछ ।

(३) रजिष्ट्रारको पारिश्रमिक, सेवाको शर्त तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) यस ऐनमा अन्यत्र लेखिएका कुराको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पशु चिकित्सकद्वारा नाम दर्ताको लागि पेश गरिएका दरखास्तहरु सम्बन्धित समितिमा पेश गर्ने ।

(ख) परिषद्द्वारा गरिएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) परिषद्द्वारा पशु चिकित्सकको रुपमा नाम दर्ता गर्ने निर्णय गरे बमोजिम पशु चिकित्सकहरुको नाम दर्ता किताबमा चढाउने ।

(घ) कुनै दर्तावाल पशु चिकित्सकको मृत्यु भएमा निजको नाम दर्ता किताबबाट हटाउने ।

(ङ) दर्तावाल पशु चिकित्सकले व्यवसाय छाडेको वा ठेगाना बदलेको सूचना प्राप्त भएमा दर्ता किताबमा जनाउने ।

(च) परिषद्को निर्णय प्रमाणित गर्ने ।

(५) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार परिषद्ले तोके बमोजिम हुनेछ ।

२०. परिषद्का कर्मचारी : (१) परिषद्ले आफ्नो आर्थिक स्रोतबाट तलव, भत्ता तथा अन्य सुविधाहरु उपलब्ध गराउने गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिषद्को कार्य संचालनको लागि आवश्यक संख्यामा कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरु रजिष्ट्रारको रेखदेख र नियन्त्रणमा रहने छन् ।

(३) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको सेवाको शर्त र सुविधाहरु विनियममा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ५
## कोष र लेखापरीक्षण

२१. परिषद्को कोष : (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ ।

(२) परिषद्को सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त ऋण, चन्दा, अनुदान वा दान दातव्यको रुपमा प्राप्त रकम,

(ग) परिषद्ले लगाएको विभिन्न दस्तुरबाट उठेको रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(४) उपदफा (३) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १५८८

(५) परिषद्को कोषमा प्राप्त हुन आएको रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(६) परिषद्को कोष र खाताको संचालन तोकिए बमोजिम हुनेछ ।

२२. परिषदको लेखा र लेखा परीक्षण : (१) परिषद्को आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखा परीक्षण महालेखा परीक्षकले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा परिषद्को कोषको हिसाब किताब जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद – ६
## विविध

२३. परिषदको विघटन : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्न नसकेको वा बराबर अधिकारको दुरुपयोग गरेको वा त्यस्तो अधिकारभन्दा बढी अधिकारको प्रयोग गर्ने गरेको वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफ्नो कर्तव्य पालन गर्न नसकेको भन्ने श्री ५ को सरकारलाई लागेमा सो कुरा सुधार गर्न वा सच्याउन श्री ५ को सरकारले परिषद्लाई निर्देशन दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन बमोजिम परिषद्ले आफ्नो काम कारबाही सुधार गर्न वा सच्याउन नसकेमा श्री ५ को सरकारले परिषद्लाई विघटन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम परिषद् विघटन भएपछि अर्को परिषद् गठन नभएसम्म परिषद्‌को कोष तथा सम्पत्ति श्री ५ को सरकारले आफ्नो जिम्मामा राखी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम परिषद्‌ले प्रयोग गर्ने सबै अधिकार श्री ५ को सरकार आफैले प्रयोग गर्न वा समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम परिषद् विघटन भएको तीन महिनाभित्र श्री ५ को सरकारले दफा ५ बमोजिम नयाँ परिषद् गठन गर्नेछ ।

२४. समिति गठन गर्न सक्ने : (१) परिषद्‌ले आवश्यकतानुसार विभिन्न विषय समिति तथा अन्य समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित विषय समिति तथा अन्य समितिहरुको काम, कर्तव्य र अधिकार तथा कार्याविधि परिषद्‌ले तोकिदिए बमोजिम हुनेछ ।

२५. सदस्यको बैठक भत्ता तथा अन्य सुविधा : सदस्य तथा दफा २४ बमोजिम गठन भएको विषय समिति तथा अन्य समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

२६. अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने अधिकारी : दफा २७ बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

२७. कसूर तथा दण्ड सजाय : (१) दफा ११ बमोजिम परिषद्‌मा नाम दर्ता नगराई पशु चिकित्सा व्यवसाय गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 98८6

(२) उपदफा (१) बमोजिम कसूर गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुबै सजाय हुनेछ।

(३) उपदफा (२) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको विपरीत हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

२८. श्री ५ को सरकारसंग सम्पर्क : परिषद्ले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कृषि मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

२९. नियम तथा विनियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाएको नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ।

(२) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक विनियमहरु बनाउन सक्नेछ।

लालमोहर सदर मितिः- २०५५।११।२७।५

आज्ञाले,
उदयनेपाली श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 98E

# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. २५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## निर्माण व्यवसायको व्यवस्थापन र विस्तार गर्न बनेको ऐन

प्रस्तावना : सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न निर्माण व्यवसायीहरुको प्रवर्द्धन तथा विकास गरी निर्माण व्यवसाय संचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९४२५

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "निर्माण व्यवसाय ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन २०५६ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम श्री ५ को सरकार तथा श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ग) "विदेशी निर्माण व्यवसायी" भन्नाले विदेशी मुलुकमा दर्ता भएको निर्माण व्यवसाय सम्बन्धी कार्य गर्ने फर्म वा कम्पनी सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि दफा ४ बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ ।

(ङ) "अस्थायी इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि दफा ६ बमोजिम विदेशी निर्माण व्यवसायीलाई दिइने इजाजतपत्र सम्झनु पर्छ ।

(च) "संगठित संस्था" भन्नाले श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

(छ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरीवेक्षण गर्न श्री ५ को सरकार तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

(ज) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।

(झ) "परिषद्" भन्नाले दफा १३ बमोजिम गठित निर्माण व्यवसाय विकास परिषद् सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) "समिति" भन्नाले दफा १५ बमोजिम गठित कार्यान्वयन समिति सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २
## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने : यस ऐन बमोजिम इजाजतपत्र प्राप्त नगरी कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

तर प्रचलित कानून बमोजिम उपभोक्ता समिति मार्फत् वा जनसहभागितामा संचालन गराइने सार्वजनिक निर्माण कार्य गर्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

४. इजाजतपत्र : (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्ने इजाजतपत्रको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा समितिले त्यस्तो दरखास्त उपर तोकिए बमोजिम जाँचबुझ गरी दफा ८ बमोजिम वर्गीकृत निर्माण व्यवसायी मध्ये जुन वर्गको लागि इजाजतपत्र दिन उपयुक्त देखिन्छ सोही वर्गको इजाजतपत्र दिन श्री ५ को सरकार समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिबाट सिफारिस भै आएको दरखास्तवालालाई श्री ५ को सरकारले तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले "घ" वर्गको इजाजतपत्र समितिको सिफारिस बिना पनि दिन सक्नेछ ।

५. <u>इजाजतपत्रको अवधि र नवीकरण</u> : (१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ७ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भए तापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र तोकिए बमोजिमको दस्तुर तिरी तोकिएको अधिकारीबाट तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमको थप दस्तुर तिरी तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

६. <u>अस्थायी इजाजतपत्र</u> : (१) अन्तराष्ट्रिय स्तरको बोलपत्र (इण्टरनेशनल कम्पिटिटिभ बिडिङ्ग) मा छनौट भएका र छ करोड रुपैयाँभन्दा माथिको स्थानीय स्तरको बोलपत्र (लोकल कम्पिटिटिभ बिडिङ्ग) मा स्वदेशी निर्माण व्यवसायीसंग संयुक्त लगानीमा सहभागी भएका विदेशी निर्माण व्यवसायीलाई सार्वजनिक निर्माण कार्य गर्ने अस्थायी इजाजतपत्र दिइनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने अस्थायी इजाजतपत्रको दस्तुर र ढाँचा तोकिए बमोजिमको हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9852

(३) यस दफा बमोजिम अस्थायी इजाजतपत्र प्राप्त विदेशी निर्माण व्यवसायीले त्यस्तो इजाजतपत्रमा उल्लिखित कार्य बाहेक अन्य कुनै सार्वजनिक निर्माणको कार्य गर्न पाउने छैन ।

७. इजाजतपत्रको खारेजी : (१) देहायको अवस्थामा समितिको सिफारिसमा श्री ५ को सरकारले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले श्री ५ को सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण तथा तत्सम्बन्धी कागजात पेश गरेमा,

(ग) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) दफा ५ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्म वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ३
## निर्माण व्यवसायीको वर्गीकरण तथा दायित्व

८ निर्माण व्यवसायीको वर्गीकरण : सार्वजनिक निर्माण कार्य गर्ने निर्माण व्यवसायीलाई तोकिएको आधारमा देहाय बमोजिमको वर्गमा वर्गीकरण गरिनेछ :-

(क) "क" वर्गको निर्माण व्यवसायी

(ख) "ख" वर्गको निर्माण व्यवसायी

(ग) "ग" वर्गको निर्माण व्यवसायी

(घ) "घ" वर्गको निर्माण व्यवसायी ।

९. निर्माण व्यवसायीको दायित्व : (१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण तोकिए बमोजिम समिति समक्ष पेश गर्नु पर्नेछ ।

१०. निर्माण व्यवसायीको समूहीकरण : दफा ८ बमोजिम वर्गीकृत निर्माण व्यवसायीलाई तोकिएको आधारमा परिषद्को सिफारिसमा श्री ५ को सरकारले समूहीकरण गर्नेछ ।

११. निर्माण व्यवसायीहरुबाट गराउन सकिने सार्वजनिक निर्माण कार्य : सार्वजनिक निर्माण कार्य गराउँदा न्यूनतम् र अधिकतम देहायको रकम सम्मको कार्य देहाय बमोजिमको निर्माण व्यवसायीबाट संचालन गराउन सकिनेछ :-

(क) दुई करोड रुपैयाँभन्दा बढी जतिसुकै रकमको "क" वर्गको निर्माण व्यवसायीबाट,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) साठी लाख रुपैयाँदेखि तीन करोड रुपैयाँसम्मको रकमको "ख" वर्गको निर्माण व्यवसायीबाट,

(ग) बीस लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्मको रकमको "ग" वर्गको निर्माण व्यवसायीबाट,

(घ) तीस लाख रुपैयाँसम्मको रकमको "घ" वर्गको निर्माण व्यवसायीबाट ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "रकम" भन्नाले ईष्टमेट अंक सम्झनु पर्छ ।

१२. <u>स्वदेशी निर्माण व्यवसायी तथा संयुक्त लगानीमा संचालित निर्माण व्यवसायीबाट सार्वजनिक निर्माण कार्य गराउने</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय स्तरमा आव्हान गरिएको बोलपत्र अनुसारको सार्वजनिक निर्माण कार्य देहाय बमोजिमको अवस्थामा देहाय बमोजिमको निर्माण व्यवसायीबाट सम्पन्न गराउन सकिनेछ :–

(क) शत प्रतिशत नेपाली नागरिकको हिस्सा भएको निर्माण व्यवसायी वा कम्तीमा पचास प्रतिशत नेपाली नागरिकको हिस्सा भएको विदेशी निर्माण व्यवसायीसंग संयुक्त लगानीमा इजाजतपत्र प्राप्त निर्माण व्यवसायी वा कम्तीमा पचास प्रतिशत नेपाली नागरिकको हिस्सा रहने गरी विदेशी निर्माण व्यवसायीसंग संयुक्त लगानीको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८५६

सम्झौता गर्ने निर्माण व्यवसायीले बोलपत्रमा उल्लेख गरेको कूल ठेक अंक विदेशी निर्माण व्यवसायीले पेश गरेको बोलपत्रमा उल्लिखित कूल ठेक अंकभन्दा साढे सात प्रतिशतसम्म बढी भए तापनि त्यस्तो बोलपत्र पेश गर्ने ।

(ख) कम्तीमा पच्चीस प्रतिशत नेपाली नागरिकको हिस्सा भएको विदेशी निर्माण व्यवसायीसंग संयुक्त लगानीमा इजाजतपत्र प्राप्त निर्माण व्यवसायी वा कम्तीमा पच्चीस प्रतिशत नेपाली नागरिकको हिस्सा रहने गरी बिदेशी निर्माण व्यवसायीसंग संयुक्त लगानीको सम्झौता गर्ने निर्माण व्यवसायीले बोलपत्रमा उल्लेख गरेको कूल ठेक अंक विदेशी निर्माण व्यवसायीले पेश गरेको बोलपत्रमा उल्लिखित कूल ठेक अंकभन्दा पाँच प्रतिशतसम्म बढी भए तापनि त्यस्तो बोलपत्र पेश गर्ने ।

(२) छ करोड रुपैयाँसम्मको रकमको सार्वजनिक निर्माण कार्य नेपाली निर्माण व्यवसायीबाट गराउनु पर्नेछ ।

## परिच्छेद – ४

## निर्माण व्यवसाय विकास परिषद् र कार्यान्वयन समिति

१३. निर्माण व्यवसाय विकास परिषद : (१) निर्माण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा संचालन गर्न आवश्यक नीति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**तयार गरी सम्बन्धित निकायहरुलाई निर्देशन दिन देहाय बमोजिमको निर्माण व्यवसाय विकास परिषद् गठन हुनेछ :-**

| | | |
|---|---|---|
| (क) | निर्माण तथा यातायात मन्त्री | - अध्यक्ष |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग (निर्माण तथा यातायात हेर्ने) | - सदस्य |
| (ग) | सचिव, निर्माण तथा यातायात मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, जलस्रोत मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | - सदस्य |
| (च) | नेपाल निर्माण व्यवसायी महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - सदस्य |
| (छ) | अध्यक्ष, सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्म (स्क्याफ) | - सदस्य |
| (ज) | निर्माण तथा यातायात मन्त्रालयले | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



९४५८

तोकेको प्राविधिक
सहसचिव - सदस्य-सचिव

(२) निर्माण तथा यातायात मन्त्रालयमा राज्यमन्त्री मात्र नियुक्त भएको अवस्थामा राज्यमन्त्री नै परिषद्को अध्यक्ष हुनेछ ।

(३) परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. <u>परिषदको काम, कर्तव्य र अधिकार</u> : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्ने सम्बन्धमा आवश्यक नर्म्स् तयार गर्ने,

(ख) सार्वजनिक निर्माण कार्यमा प्रस्तावक र प्रस्ताव स्वीकृतिकर्ता बीच हुने सम्झौतापत्र, करारका शर्तहरु तथा स्पेसिफिकेशन सम्बन्धी नमूना मसौदाको निर्माण तथा विकास गर्ने,

(ग) सार्वजनिक निर्माण कार्यसंग सम्बन्धित वातावरणीय पक्ष लगायतका अन्य विषयहरुमा आवश्यक कोडहरुको निर्माण तथा विकास गर्ने,

(घ) निर्माण व्यवसाय सुदृढ र सक्षम तरिकाबाट संचालन गर्न आवश्यक जनशक्ति उत्पादनको लागि प्रशिक्षण तथा तालिम संचालन गर्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ङ) निर्माण व्यवसायसंग सम्बन्धित विषयमा आवश्यक अनुसन्धान तथा विकास गर्ने ।

(च) यस ऐनको उद्देश्य कार्यान्वियन गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

१५. <u>कार्यान्वयन समिति</u> : (१) निर्माण व्यवसायको प्रवर्द्धन तथा व्यवस्थापन गर्ने सम्बन्धमा श्री ५ को सरकारलाई आवश्यक सहयोग पुऱ्याउन देहाय बमोजिमको एक कार्यान्वयन समितिको गठन हुनेछ :-

(क) निर्माण तथा यातायात मन्त्रालयले तोकेको प्राविधिक सहसचिव - अध्यक्ष

(ख) प्राविधिक प्रतिनिधि, जलस्रोत मन्त्रालय - सदस्य

(ग) प्राविधिक प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय - सदस्य

(घ) प्राविधिक प्रतिनिधि, सडक विभाग - सदस्य

(ङ) प्रतिनिधि, नेपाल निर्माण व्यवसायी महासंघ - सदस्य

(च) प्रतिनिधि, सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इन्जिनियरिङ्ग फर्म्स्
(स्क्याफ) – सदस्य

(छ) कानून अधिकृत,
निर्माण तथा
यातायात मन्त्रालय – सदस्य

(ज) निर्माण तथा
यातायात मन्त्रालयले
तोकेको अधिकृत – सदस्य-सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ।

१६. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार : कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्माण व्यवसायीलाई इजाजतपत्र प्रदान गर्न श्री ५ को सरकार समक्ष सिफारिस गर्ने।

(ख) निर्माण व्यवसाय सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी श्री ५ को सरकार समक्ष पेश गर्ने।

(ग) सार्वजनिक निर्माण कार्यको गुणस्तर सम्बन्धमा कुनै प्रश्न उठेमा सम्बन्धित प्राविधिकबाट भएको जाँचपासको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने गराउने।

(घ) खण्ड (ग) बमोजिम जाँचबुझ गर्दा वा गराउँदा तोकिएको गुणस्तर कायम नराखी प्राविधिकबाट जाँचपास भएको देखिएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9209

त्यसबाट हुन गएको हानी नोक्सानी असुल उपर गर्न त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ङ) यस ऐन बमोजिम इजाजतपत्र पाएको निर्माण व्यवसायीलाई विदेशमा निर्माण व्यवसाय सम्बन्धी कार्य गर्नको लागि बोलपत्र पेश गर्ने, ठेक्का सम्झौता गर्ने तथा सम्बन्धित देशको मुद्रामा बैंक ग्यारेण्टी (बिडबण्ड वा परफरमेन्स बण्ड) जारी गर्ने सम्बन्धमा आवश्यक नीतिगत कुराहरु निर्धारण गरी श्री ५ को सरकारमा सिफारिस गर्ने ।

(च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद – ५
## कोष तथा लेखा परीक्षण

१७. निर्माण व्यवसायी कोष : (१) सार्वजनिक निर्माण कार्यको गुणस्तर र निर्माण व्यवसायीहरुको कार्यक्षमतामा बृद्धि गराउन निर्माण व्यवसायीहरुलाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउन एक निर्माण व्यवसायी कोषको स्थापना गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) निर्माण व्यवसायीहरुबाट तोकिए बमोजिम प्राप्त दस्तुर,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) स्वदेशी वा विदेशी संघ संस्थाबाट प्राप्त रकम ।

(३) कोषको खर्च परिषद्को निर्णय अनुसार हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको संचालन तथा लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ६
## विविध

१८. ठेक्का सम्बन्धी कागजात पठाउनु पर्ने : नेपाल अधिराज्यभित्र सार्वजनिक निर्माण कार्य गर्ने सम्बन्धमा भएको सम्झौता र सोसंग सम्बन्धित कागजातहरुको एक प्रति ठेक्का स्वीकृत गर्ने निकायले समितिमा पठाउनु पर्नेछ ।

१९. सहुलियतमा पैठारी गरिएका सामानहरुको विवरण खुलाउनु पर्ने : द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम प्राप्त सुविधा अन्तर्गत स्वदेशी तथा विदेशी निर्माण व्यवसायीले नेपाल अधिराज्यभित्र पैठारी गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरुको विवरण तोकिए बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

२०. विदेशी निर्माण व्यवसायीले सहुलियतमा पैठारी गरेका मेशिनरी औजार आदि अन्यत्र प्रयोग गर्न नहुने : (१) दफा १९ बमोजिम विदेशी निर्माण व्यवसायीले आयात गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरु जुन कार्यको लागि आयात गरिएको छ सोही कार्यको लागि मात्र प्रयोग गर्नु पर्नेछ । श्री ५ को सरकारको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९२०२

स्वीकृति नलिई त्यस्ता सवारी साधन, मेशिनरी औजार, यन्त्र तथा उपकरणहरु अन्य कार्यको लागि प्रयोग गर्नु हुँदैन ।

(२) दफा १९ बमोजिम विदेशी निर्माण व्यवसायीले आयात गरेका सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरु सार्वजनिक निर्माण कार्य समाप्त भएपछि फिर्ता नलगेमा त्यस्ता सवारी साधन, मेशिनरी औजार तथा अन्य यन्त्र तथा उपकरणहरुमा प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तुर, महसुल आदि समेत असुल उपर गरिनेछ ।

२१. विदेशी सरकार वा संस्थासंग भएको सम्झौता बमोजिम हुने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकार र विदेशी सरकार वा विदेशी सरकारको स्वामित्व भएको संस्था वा अन्तर्राष्ट्रिय संस्थाहरु बीच भएको अनुदान वा ऋण सहायता सम्बन्धी सम्झौता बमोजिम सार्वजनिक निर्माण कार्य गर्दा सोही सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

२२. दण्ड सजाय : कुनै स्वदेशी वा विदेशी निर्माण व्यवसायीले प्रचलित कानून बमोजिम प्राप्त सहुलियत तथा सुविधाहरुको दुरुपयोग गरेमा त्यस्तो निर्माण व्यवसायीलाई श्री ५ को सरकारले त्यसरी दुरुपयोग भएको रकमको दोब्बर रकमसम्म जरिवाना गर्न सक्नेछ ।

२३. उपसमिति गठन गर्न सक्ने : (१) परिषद् र समितिले आफ्नो कार्य संचालनको लागि आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यावधि परिषद् तथा समितिले तोके बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १२०४

२४. <u>इजाजतपत्रको प्रतिलिपि दिने</u> : कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा समितिले तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

२५. <u>अधिकार प्रत्यायोजन</u> : यस ऐन बमोजिम श्री ५ को सरकारलाई प्राप्त अधिकार मध्ये केही अधिकार श्री ५ को सरकारले तोकिएको अधिकारीलाई तोकिएको अवधिसम्मको लागि प्रत्यायोजन गर्न सक्नेछ ।

२६. <u>प्रचलित कानून बमोजिम हुने</u> : यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

२७. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य पूर्तिको लागि श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२८. <u>बचाउ</u> : यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेकेदार सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै ऐन बमोजिम दिइएको मानिनेछ ।

लालमोहर सदर मितिः- २०५५।११।२७।५

आज्ञाले,
उदयनेपाली श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग प्रमाणित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।